श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२५ सालको ऐन नं. २६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रताप-भास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्र-श्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपाल-तारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### लेखा परीक्षण ऐन, २०१८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– लेखापरीक्षण ऐन, २०१८ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "लेखापरीक्षण (संशोधन) ऐन, २०२५" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– मूल ऐनको दफा २ को खण्ड (क) र (ख) को सट्टा देहाय बमोजिमको खण्ड (क) र (ख) राखिएको छ र खण्ड (ग) पछि देहाय बमोजिमको खण्ड (घ) थपिएको छः–

(क) "सरकारी कार्यालय" भन्नाले राजसभा, राष्ट्रिय पञ्चायत, सर्वोच्च अदालत र सो मातहतका अड्डा अदालत, लोक सेवा आयोगका कार्यालय, निर्वाचन आयोग, महान्यायाधिवक्ताको कार्यालय लगायत सबै सरकारी सचिवालय, मन्त्रालय, विभाग, अड्डा अदालत समिति वा आयोग र विदेशस्थित शाही राजदूतावास, शाही महावाणिज्य दूतावास वा अन्य नियोग समेतलाई जनाउँछ ।

(ख) "लेखा" भन्नाले कारोवार भएको ब्यहोरा देखिने गरी खडा गरेको मुख्य अभिलेख–स्याहा, लेजर, खाता आदि र सो कारोवारलाई प्रमाणित गर्ने अन्य कागजात र सप्तरोजा, पन्ध्ररोजा वा मास्केवारी जस्ता आवधिक विवरणहरू सम्बन्धी बोधार्थ समेतलाई जनाउँछ ।

(घ) "श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्था" भन्नाले सो संस्थाको शेयर वा स्टकमा श्री ५ को सरकारको सम्पूर्ण स्वामित्व भएको वा श्री ५ को सरकारले पूर्ण दायित्व वहन गरेको जुनसुकै संगठित संस्थालाई सम्झनु पर्छ ।

३. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को सट्टा देहाय बमोजिम दफा ३ राखिएको छः–

३. अधिकृत र कर्मचारीहरूको नियुक्ति र सेवाका अन्य शर्तहरूः– (१) महालेखा परीक्षकको कर्तव्य पालनमा मद्दतको लागि समय समयमा श्री ५ को सरकारको स्वीकृति बमोजिम अधिकृत र कर्मचारीहरू रहने छन् । त्यसरी रहन आएका कर्मचारीको संख्या महालेखा परीक्षकको सहमति बिना घटाइने छैन ।

(२) महालेखापरीक्षकको विभागका अधिकृत र कर्मचारीहरूको एउटा छुट्टै सेवाको गठन हुनेछ, सो सेवामा रहने अधिकृत र कर्मचारीहरूको नियुक्ती र सेवाका अन्य शर्तहरू यो ऐन अन्तर्गत बन्ने नियमहरूमा तोकिए बमोजिम हुनेछ ।

(३) अन्य प्रचलित कानून वा उप-दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८ को उप-दफा (१) मा उल्लिखित संगठित संस्थाको लेखापरीक्षणको लागि आवश्यक देखेमा महालेखा परीक्षकले प्रचलित कानून बमोजिम प्रमाण-पत्र प्राप्त लेखापरीक्षकलाई सहायताको लागि नियुक्त गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल ऐनको दफा ६ मा संशोधनः— मूल ऐनको दफा ६ को मार्जिनल नोट पछि (१) राखी त्यसपछि देहाय बमोजिमको उप-दफा (२) राखिएको छः—

(२) आय-व्यय सम्बन्धी लेखापरीक्षणको काम हुँदा बेरूजुका सामान्य कलमहरू औचित्यको दृष्टिकोणबाट महालेखा परीक्षकले उल्लेखनीय नदेखेमा आफ्नो प्रतिवेदनमा त्यस्ता कलमहरू नपार्न पनि सक्नेछ।

५. मूल ऐनको दफा ८ मा संशोधनः— मूल ऐनको दफा ८ को सट्टा देहाय बमोजिमको दफा ८ राखिएको छः—

८. संगठित संस्थाको लेखा परीक्षणः— (१) श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको संगठीत संस्थाहरूको लेखापरीक्षणको निर्देशन र नियन्त्रण महालेखा परीक्षकद्वारा हुनेछ।

(२) श्री ५ को सरकारको आंशिक स्वामित्व वा दायित्व भएको संगठित संस्थाहरूको लेखापरीक्षण संबन्धित संस्थाकै कानून अनुसार हुनेछ, तर त्यस्ता संस्थाहरूको लेखा परीक्षण प्रतिवेदनको एक प्रति महालेखा परीक्षकलाई पठाउनु पर्छ। महालेखा परीक्षकले सो प्रतिवेदनबाट देखेको त्रुटीको सम्बन्धमा सम्बन्धित संस्थालाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

(३) उप-दफा (१) वा (२) बमोजिम लेखापरीक्षण गर्ने लेखा परिक्षकको अधिकार, काम, कर्तव्य दायित्व सजाय र लेखा परीक्षणको तरीका महालेखा परीक्षकको निर्देशनको अधिनमा रही कम्पनी ऐन, २०२१ बमोजिम हुनेछ।

६. मूल ऐनको दफा ११ पछि देहाय बमोजिम दफा १२ र १३ थपिएको छः—

१२. "बेरूजुमा कारवाई गर्नेः— श्री ५ को सरकारको आय-व्यय तथा अन्य रकम कलमको लेखापरीक्षण गर्दा देखिएका त्रुटी कैफियतमा प्रचलित कानून अनुसार कारवाई गर्न र गर्न लगाउन सकिने छ।

१३. बचाउः— यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरूमा लेखिएकोमा सोही बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ।

लालमोहर सदर मिति २०२५।७।६।६

आज्ञाले,
रमानन्दप्रसाद सिंह
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।